**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०३ गते सर्वोच्च अदालतमा पुनरावलोकन गरिएको मुद्दाको विवरणः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | सर्वोच्च अदालत संयुक्त इजलासको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **राजेन्द्र नेम्कुल समेत** कूल २ जना प्रतिवादीहरु भएको, सर्वोच्च अदालतको मुद्दा नं. ०७५-CR-२४०७ र ०७५-CR-२४८८), स.अ.संयुक्त इजलासबाट फैसला भएको मिति २०८१/०८/२३) | भ्रष्टाचार (घुस/ रिसवत लिई भ्रष्टाचार गरेको)। | प्रस्तुत मुद्दामा देहाय बमोजिमका प्रतिवादीहरु समेत उपर सजायको मागदाबी लिइएको अवस्था विद्यमान छः<br><br>प्रतिवादी खरिदार **राजेन्द्र नेम्कूल**ले करदाता रबि बहादुर कार्कीको घर जग्गा तथा घर बहाल कर कम गरी मिलाइ दिए बापत प्रतिवादी मध्यस्थकर्ता कृष्णमणी बोगटी समेतको मिलेमतोमा निवेदक श्याम कार्कीसँग रु.७०,०००।- (सत्तरी हजार) घुस/रिसवत बापत लिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु.७०,०००।- (सत्तरी हजार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय हुन र अर्का प्रतिवादी मध्यस्थकर्ता कृष्णमणी बोगटीलाई मुख्य प्रतिवादी राजेन्द्र नेम्कूलले लिएको रु.७०,०००।-घुस/रिसवतको रकम मध्येबाट रु.१५,०००।- माग गरेकोमा रु.८,०००।- पाउने भन्ने खरिदार राजेन्द्र नेम्कूलको पोल बयान लगायतका सबुत प्रमाणहरूबाट प्रतिवादी मध्यस्थकर्ता कृष्णमणी बोगटीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरी मतियारको भूमिका निर्वाह गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी मध्यस्थकर्ता कृष्णमणी बोगटीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम हुने सजायमा सोही ऐनको | <u>**फैसलाः**</u><br>विशेष अदालत, काठमाण्डौबाट मिति २०७५।१०।०३ मा भएको फैसलामा चित्त नबुझेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट श्री सर्वोच्च अदालतमा पुनरावेदन गरिएकोमा श्री सर्वोच्च अदालत संयुक्त इजलासबाट फैसला हुँदा प्रतिवादीको कसूर पुष्टि हुने बरामदी मुचुल्का बाहेकको अन्य स्वतन्त्र प्रमाण देखिन नआएको, प्रतिवादी कृष्णमणी बोगटीले आरोपित कसूरमा ईन्कार रही बयान गरेका, मिशिल संलग्न सि.डी.र स्क्रिप्टबाट निजले रकम माग गरेको वा रकम नदिएमा काम नहुने भनेको व्यहोरा पुष्टि हुने वार्तालाप वा यी प्रतिवादी कृष्णमणी बोगटीले घुस लिने माग्ने नियतले व्यक्त गरेको कुनै अभिव्यक्ति पनि नदेखिएको समेतका विवेचित आधार तथा कारणबाट **पुनरावेदन गर्ने** प्रतिवादी राजेन्द्र नेम्कुललाई अभियोग दावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) नं. को कसूरमा ऐ. दफा ३(१) र ३(१) (ग) नं. बमोजिम ४ (चार) महिना कैद र रू.७०,०००।- (सत्तरी हजार रूपैयाँ) जरिवाना र **पुनरावेदन नगर्ने** अर्का प्रतिवादी कृष्णमणि बोगटीलाई ऐ.ऐनको दफा २२ बमोजिम मूल कसूरदारलाई हुने सजायको आधा २ महिना<br><br>कैद र रु.३५,०००।- (पैतिस हजार रूपैयाँ) जरिवाना गरेको विशेष अदालत काठमाडौंको मिति २०७५।१०।०३ को फैसला मिलेको नदेखिँदा उल्टी भई दुवै प्रतिवादीहरुले **आरोपित कसूरबाट सफाई पाउने ठहर्छ,** वादी | क) प्रस्तुत मुद्दाको सम्बन्धमा उजुरवाला निवेदक श्याम कार्की आफ्नो घर जग्गाको कर तिर्न गएका सेवाग्राही देखिन्छन् भने प्रतिवादी राजेन्द्र नेम्कुल ललितपुर महानगरपालिकाको राजश्व शाखामा काम गर्ने खरिदार रहेको देखिन्छ भने प्रतिवादी मध्येका कृष्णमणी बोगटी ललितपुर महानगरपालिकामा सेवाग्राहीको वारेस भई काम गर्ने व्यक्ति रहेको देखिंदा यि तीनैजना बीचमा Official Duty Perform गर्ने काम सम्बद्ध रहेको तथ्य पुष्टि भएको छ।<br>ख) आफ्नो घर जग्गाको राजश्व बुझाउन महानगरपालिका गएका यि उजुरवाला श्याम कार्कीलाई निजले भुक्तानी गर्नुपर्ने कर मिलाए बापत रु.८३,०००।– घुस माग गरी Bargaining गरेको तथ्य मिशिल संलग्न सि.डी., कल रेकर्ड समेतबाट प्रष्ट देखिन्छ भने उजुरवाला श्याम कार्कीले मिति २०७५।०२।२० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गरेको प्रतिवादीहरुले घुस रिसवत माग गरेको वार्तालापको रेकर्ड सहितको श्रव्य दृश्य सि.डी.को अनुवाद एवं स्क्रिप्ट राईटिङ्ग भएको **मिशिल संलग्न कागजात हेर्दा,** प्रतिवादी राजेन्द्र नेम्कुलले उजुरकर्ता निवेदकलाई प्रश्न गर्दा "छुट्टयाएर ल्याउनु भा छ?",भनी प्रश्न गरेकोमा निवेदकले जवाफमा "हैन छुट्टया त छैन मैले...,म बिल आईसके पछि वहाँलाई भएनि हजुरलाई भएनि टक्याउँछु, भनेको अवस्था देखिन्छ। साथै प्रतिवादी राजेन्द्र नेम्कुलले निवेदकलाई घुस रिसवत बापतको रकमको संकेत गर्दै "होईन भने के, मैले भनेको तपाईको त्यो ७० छुट्टयाएर बिल तिर्नु पर्ला", त्यस्तै अर्को वार्तालापमा "मैले भन्या त्यो पैसा छुट्टयाएर ल्याउनु न पहिला तपाँई", "हामीलाई दिने पैसा छुट्टयाउनु भन्या के पहिला", "७० हो यो", "हैन (गन्न) भो भो पर्दैन, विश्वासको कुरो हो नि त (भनि पैसा लिई पाईन्टको खल्तीमा राखेको), ल म तपाईले नै ७० छ भन्ने कुरा कन्भेन्स गरिसकेपछि मैले फेरी किन विवाद गरिराख्नु पर्यो भनेको के, तपाँईले गनेरै ल्या होला नि पक्कै" भनी घुस रिसवत पाउनको लागि धेरै वार्गेनिङ्ग गरेको समेत देखिन्छ। यसैगरी मिशिल संलग्न सि.डी.को **श्रव्य दृश्यको स्क्रिप्ट राईटिङ्गमा,** प्रतिवादी राजेन्द्र नेम्कुलले "....यसमा अब के मिलाउने हो,उ गर्ने हो भने चाही हामिले के गर्ने विचार गर्यौं भने बहाल चाँही घर जग्गा गरेर जम्मा चाँही ८७,८५५।— तिराउने हैन, अनि यो २,५४,०००।— मा ८७,८५५।— भने १,६३,०००।— जति चाही अब उ हुन आउँछ बाँकी भनौ न त्यसपछि के गर्ने भन्ने कुरा किलिएर गरेर गर्ने कुरा भयो"।त्यस्तै प्रतिवादी राजेन्द्र नेम्कुलले "लामो कुरामा उ नगरौं, हैन म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा २२ बमोजिम जरिवाना र कैद सजाय सजाय हुन मागदावी रहेको। | नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने समेत व्यहोराको फैसला भएको।<br><br>**सर्वोच्च अदालत संयुक्त इजलासबाट फैसला गर्दा लिईएका मूल आधारहरुः**<br>क) प्रतिवादीको कसूर पुष्टि हुने बरामदी मुचुल्का बाहेकको अन्य स्वतन्त्र प्रमाण देखिन नआएको।<br><br>ख) प्रतिवादी कृष्णमणी बोगटीले आरोपित कसूरमा ईन्कार रही बयान गरेका, मिशिल संलग्न सि.डी. र स्क्रिप्टबाट निजले रकम माग गरेको वा रकम नदिएमा काम नहुने भनेको व्यहोरा पुष्टि हुने वार्तालाप वा यी प्रतिवादी कृष्णमणी बोगटीले घुस लिने माग्ने नियतले व्यक्त गरेको कुनै अभिव्यक्ति पनि नदेखिएको। | भित्र तिर गई दिन्छु, ८३ हजारमा चाहिने अघि भन्या जस्तै ८३ हजार तपाँईको ८३ हजार मेरो भो, त्यो ८३ हजार यसो भो न गरौं, ७० गरि दिनु की, यता ७० गरि दिनु है न यता काम चाही म मिलाएर पठाई दिन्छु" भनी उजुरवालाले धैरै प्रयास गरेपछि रु.८३,०००।— बाट घटाई रु.७०,०००।– मा कुरा मिलेको तथ्य लिपिबद्ध गरिएको सि.डी.को श्रव्य दृष्यबाट स्पष्ट देखिंदा प्रतिवादीले घुस रकम माग गरेको र घुस रकमको अंक घटाउन Bargaining गरेको तथ्य पुष्टि भएको छ।<br><br>ग) मिशिल संलग्न सि.डी.को श्रव्य दृष्यको लिपि हेर्दा उजुरकर्ता निवेदक र पुनरावेदकबीच भएको वार्तालाप (Conversation) राजस्व बुझाउने कामसंग सम्बन्धित रहेको स्पष्ट छ।सो वार्तालाप (Conversation) स्वैच्छिक रहेको र Fair Manner बाट कुरा भएको देखिन्छ, जसमा Coercion, Force or Compulsion Use भएको देखिंदैन, उक्त Voice यि प्रतिवादी राजेन्द्र नेम्कुल र उजुरवाला श्याम कार्कीको हो भन्ने पहिचान (Identify) भएको छ, Conversation Accurate छ,यस्तो किसिमको Electronic Evidence जहिलेपनि अदालतले Admissible गर्ने र यसको प्रमाणिक मूल्य बढी हुने स्थापित कानूनी मान्यता र पछिल्लो अभ्यासलाई संयुक्त इजलासबाट प्रस्तुत मुद्दाको फैसलागर्दा पूर्णतः अनदेखा गरिएको छ।<br><br>घ) प्रतिवादी राजेन्द्र नेम्कुलले अर्का प्रतिवादी कृष्णमणी बोगटीसँगै रहेको अवस्थामा उजुरवालासँग घुस रकमको कुरा मोल मोलाई गरेको देखिन्छ, प्रतिवादी कृष्णमणी बोगटीले पनि बीच बीचमा कुरा थपथाप गरी उजुरवालासँग कुरा गरेको मिशिल संलग्न कल डिटेल्सबाट देखिंदा कृष्णमणी बोगटीले बीचमा Middle-man को भूमिका खेली घुस रकम मिलाउने कार्यमा निज कृष्णमणी बोगटीको प्रत्यक्ष संलग्नता रहेको तथ्य पुष्टि भएको छ।<br><br>ङ) मिशिल संलग्न श्रव्य दृष्य सि.डी. (Electronic Evidence) बाट प्रतिवादीले घुस रिसवत प्राप्त गर्ने मनसाय (Intention) पुष्टि भएको छ, प्रतिवादी राजेन्द्र नेम्कुलले लगाएको निलो रङ्गको जिन्स पाईन्टको दाहिने पकेटबाट रु.७०,०००।– घुस रकम बरामद भएको छ, प्रतिवादीले Voluntarily Bribe Money Receive गरेको पुष्टि भएको छ, प्रतिवादीले Official Position or Authority and Position of Power प्रयोग गरी घुस रिसवत माग (Bribe Demand) गरेको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | च) उजुरवाला निवेदक अदालतमा बकपत्रकोलागि उपस्थित नभएपनि तथा अदालतमा उपस्थित भई प्रतिकुल बकपत्र गरेतापनि Electronic Evidence जसको Accuracy मा कुनै प्रश्न उठेको छैन त्यस्तो प्रमाणबाट कसूर पुष्टि भएको अवस्था अन्य Oral Evidence को प्रमाणिक मूल्य कम हुने भएकोले उक्त प्रमाणलाई ग्रहण नगरी फैसला भएको अवस्था छ।<br><br>छ) निवेदक बिष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसद समेत भएको रिट नं.०७४-WC-००२० मा बरामदी मुचुल्का बाहेका मिशिल संलग्न अन्य प्रमाण कागजातबाट प्रतिवादीले घुस रिसवत माग गरेको लिएको तथ्य वस्तुनिष्ठ रुपमा पुष्टि भएमा प्रतिवादीलाई कारवाही सजाय गर्न बाधा नपर्ने सिद्धान्त विपरीत मिशिल संलग्न Electronic Evidence लाई ग्रहण नगरी प्रतिवादीलाई सफाई दिई भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण छ।<br><br>ज) यसैगरी, राम प्रसाद साह विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार (घुस रिसवत), (मुद्दा नं.०७५-CR-०६२९) मुद्दामा मिति २०७९।१२।२१मा सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट फैसला हुँदा फैसलाको **प्रकरण नं ४२** समेतमा उल्लेखित निवेदक बिष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसद समेत भएको रिट नं.०७४-WC-००२० मा संवैधानिक इजलासबाट भएको उक्त फैसलाले मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोप दावी ठहर हुने अवस्था देखिन्छ भने आरोप दावी ठहर गर्न सकिने सम्बन्धमा पनि स्पष्टसंग बोलेको देखिन्छ।मुद्दामा अन्य तवरबाट संकलन गरिएका प्रमाणहरु पनि रहेका हुन्छन्, रिट नं.०७४-WC-००२० मा उल्लेखित सो नियम ३० अमान्य र बदर हुँदैमा अदालतमा बिचाराधीन मुद्दा स्वत:समाप्त हुने वा खारेज हुने वा भए गरिएका सम्पूर्ण कारवाहीहरु प्रारम्भदेखि नै अमान्य र बदर हुने होईनन्, बरामद रकम बाहेकका अन्य प्रमाणहरुबाट पनि कसूर गरेको देखिन्छ भने कानूनबमोजिम कसूर ठहरिने अवस्थामा पनि सफाई दिइनु पर्छ भन्ने उक्त फैसलाको अभिप्राय रहेको देखिंदैन, वरामदी मुचुल्का बाहेक अन्य प्रमाणले आरोपित कसूरमा प्रतिवादीको संलग्नता रहेको देखिन्छ भने कसूरदार ठहर गर्न मिल्ने सम्बन्धमा यस अदालतबाट बालमुकुन्द श्रेष्ठ विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा (०७५-CR-००५१) मा व्याख्या भई सिद्धान्त प्रतिपादन भईसकेको परिप्रेक्षयमा उक्त प्रतिपादित सिद्धान्तको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रोहमा प्रस्तुत मुद्दामा उपलब्ध रहेको बरामदी मुचुल्का बाहेकको महत्वपूर्ण प्रमाणहरुको यथोचित विश्लेषण र मूल्यांकन तथा विवेचना नगरी भएको फैसला नजिरको परिपालनाको सन्दर्भमा त्रुटिपूर्ण भएकोले बदरभागी छ।<br><br>झ) यसैगरी, धर्मेन्द्र राय यादव विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार (घुस रिसवत), (मुद्दा नं.०७५-CR-१२८९) मुद्दामा मिति २०८०।०२।१७मा सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट फैसला हुँदा उक्त फैसलाको **प्रकरण नं २५** समेतमा "उल्लिखित प्रतिवादीबाट बरामद भएको घुस रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपलब्ध गराएको हो वा निवेदक आफैंले दिएको हो भन्ने कुराले प्रतिवादीको भ्रष्टाचारी प्रवृत्तिमा कुनै फरक पर्दैन,वास्तविक फरक त प्रतिवादीमा घुस रकम प्राप्त गर्ने इच्छा, चाहना, सोंच र मनस्थिति थियो कि थिएन साथै प्रतिवादीबाट असल भावले सेवा प्रवाह भएको थियो वा थिएन भन्ने कुराले नै प्रस्तुत मुद्दामा महत्व राख्दछ, प्रतिवादीसँग घुस रकम बरामद हुनुका अलावा अन्य स्वतन्त्र प्रमाणको रोहबाट हेर्दा समेत निज प्रतिवादी र निवेदकबीच वारदातको दिन अफिसमा भेट भएको, बरामद भएको घुस रकमका अलावा स्वतन्त्र प्रमाणका रुपमा मिशिल संलग्न निवेदक र प्रतिवादीबीच भएको अडियो उतारबाट पनि रकम लेनदेनकै विषयमा कुराकानी भएको अवस्थामा निवेदकको काम गरिदिने भनी निवेदकलाई अतिरिक्त रकम दिन वाध्य पारेको" भन्ने उल्लेख गरी बरामदी बाहेक अन्य प्रमाणको आधारमा प्रतिवादीले घुस रिसवत लिएको ठह-याई प्रतिवादी उपर कसूर कायम गरेको सो मुद्दाको तथ्य र प्रमाणको यथार्थता यस मुद्दामा समेत समान तवरमा विद्यमान रहँदा रहँदै सो मुद्दामा प्रतिवादी उपर कसूर ठहर गर्ने र प्रस्तुत मुद्दामा प्रतिवादीलाई सफाई दिने कार्य Treat like cases alike different cases differently भन्ने कानूनशास्त्रको मूलभूत मान्यताको समेत प्रतिकुल हुने गरी सम्मानित अदालतको संयुक्त इजलासबाट फैसला भएको देखिएबाट प्रस्तुत फैसला नजिरको परिपालनाको सन्दर्भमा समेत बदरभागी रहेको देखिन्छ। |